राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० असार १० गते

# दूधमा 'कोलिफर्म' भेटिएकोबारे सरोकारवालाहरूसँग परामर्श बैठक

उपत्यकामा सञ्चालित डेरीबाट उत्पादित दूधमा जनस्वास्थमा असर पार्नसक्ने जीवाणु 'कोलिफर्म' भेटिएकोबारे खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले सार्वजनिक गरिएको प्रतिवेदन र आमसञ्चार माध्यममा आएका समाचार एवम् टीका-टिप्पणीप्रति चासो राख्दै राष्ट्रिय मानव अधिकार आयोगले सम्वन्धित सरोकारवालाहरूलाई आयोगमै बोलाएर परामर्श बैठक गरेको छ ।

सो अवसरमा आयोगका सदस्य रामनगिना सिंहले दूधमा 'कोलिफर्म' भेटिएको प्रसंग स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिकको अधिकारसँग गाँसिएको गम्भीर विषय हो भन्दै आयोगले यसप्रति चासो राखेको बताउनुभयो ।

उहाँले निर्धारित गुणस्तर कायम गर्न नसक्ने दूग्ध उत्पादकहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिक अधिकारको सम्मान गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

आयोगका अर्का सदस्य गौरी प्रधानले स्वस्थ्य खाद्यवस्तु उपभोग गर्न पाउने नागरिकको नैसर्गिक अधिकारको रक्षा गर्नका लागि खाद्यवस्तु उत्पादन, प्रशोधनदेखि वितरणसम्मको सम्पूर्ण प्रक्रियामा देखापर्ने कमजोरी पत्ता लगाएर समस्या समाधानका उपायहरू खोज्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

सदस्य प्रधानले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले हालका दिनमा गरेको अनुगमन तथा निरीक्षणको प्रशंसा गर्दै कुनै पनि अवाञ्छनीय दवावको प्रभावबाट मुक्त भएर भविष्यमा अनुसन्धान र अनुगमनलाई अझ प्रभावकारी किसिमले अघि बढाउन आग्रह गर्नुभयो ।

उहाँले नागरिकको स्वास्थमाथि खेलबाड नहोस् भन्नका लागि सरोकारवाला निकायले उत्पादन प्रणाली र बजारको नियमित रूपमा अनुगमन तथा निरीक्षण गरी निश्चित अन्तरालमा प्रतिवेदन सार्वजनिक गर्नुपर्ने खाँचो औंल्याउनुभयो ।

बैठकमा बोल्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अधिकृत प्रमोद कोइरालाले विभागले २०७० साल जेठ २३ र २४ गते उपत्यकाका २३ वटा डेरी उद्योगमा अनुगमन गरी दूधको नमूना परीक्षण गर्दा अधिकांशमा 'कोलिफर्म' भेटिएको जानकारी दिनुभयो ।

उहाँले अत्याधिक मात्रामा 'कोलिफर्म' भेटिएका छवटा डेरीलाई सिलबन्दी गरिएको; छवटा डेरीलाई खाद्य ऐन, २०२३ र खाद्य नियमावली, २०२७ अनुसार मुद्दा चलाइएको र बाँकी डेरीमाथि अनुसन्धान चलिरहेको बताउनुभयो ।

सो अवसरमा बोल्दै गृह मन्त्रालयका सहसचिव गणेशराज कार्कीले खाद्यवस्तुको गुणस्तर कायम गर्नका लागि मन्त्रालयले बजारको अनुगमन र निरीक्षण गरिरहेको जानकारी दिनुभयो ।

सहसचिव कार्कीले अनुगमन र निरीक्षण कार्यलाई प्रभावकारी बजार संरक्षण अधिकृतहरू भर्ना गर्न लागिएको जानकारी दिँदै अब मन्त्रालय अझ बढी समन्वयात्मक ढङ्गमा अघि बढ्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

परामर्श बैठकमा दूग्ध विकास संस्थानका प्रमुख राजगोविन्द राजकर्णिकारले संस्थानले उत्पादन गरेको दूधमा न्यून मात्रामा 'कोलिफर्म' भेटिएको जानकारी दिँदै अहिले त्यसलाई शून्यमा झारिएका बताउनुभयो ।

राजकर्णिकारले भविष्यामा 'कोलिफर्म' नभेटियोस् भन्नका लागि दूध प्रशोधनदेखि प्याकेजिङसम्मको सम्पूर्ण पक्रियामा निर्मलीकरण र शुद्धिकरणलाई उच्च प्राथमिकता दिइएको बताउनुभयो ।

सो अवसरमा कृषि विकास मन्त्रालयका सहसचिव डा. प्रभाकर पाठकले दूधमा 'कोलिफर्म' भेटिएको घटनाप्रति मन्त्रालय गम्भीर रहेको भन्दै अशुद्ध कृषि उत्पादनबाट जनस्वास्थ्यमा पर्नसक्ने असरबारे अनुगमन गर्ने, त्यसको रिपोर्टिङ गर्ने र त्यसको निकास खोज्नका लागि छलफल गर्ने काम निरन्तर रूपमा भइरहेको जानकारी दिनुभयो ।

उहाँले देशमा शुद्ध दूध उत्पादन गर्ने अभियानलाई सहयोग पुऱ्याउने उद्देश्यबाट प्रेरित भएर शुद्ध दूध उत्पादन गर्नेबारे तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

बैठकमा राष्ट्रिय दूग्ध विकास बोर्डका निर्देशक हसनामैयाँ श्रेष्ठले विविध कारणले दूधको गुणस्तर खस्किएको धारणा अघि सार्नुभयो ।

श्रेष्ठले दूधजन्य पदार्थमा देखिएको समस्याबारे कृषि विकास मन्त्रालयको सहसचिवको नेतृत्वमा छानबिन समिति गठन गरी समस्याको चुरो पत्ता लगाउने प्रयास भइरहेको जानकारी दिनुभयो ।

अन्त्यमा, आयोगका सदस्य गौरी प्रधानले स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारको संरक्षण र सम्वर्द्धन गर्न बजारमा उपलब्ध खाद्यवस्तुको गुणस्तर कायम गर्ने दिशामा प्रयत्नरत सरोकारवाला निकायहरूलाई निर्देशन दिनुभयो ।

दुर्गा खड्का
निमित्त सचिव